नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# नेपाल खुला विश्वविद्यालय

## शैक्षिक प्रशासन सम्बन्धी (पहिलो संशोधन) नियम, २०७६

(नेपाल खुला विश्वविद्यालय सभाको मिति २०७६/३/२६ गते बसेको तेस्रो बैठकबाट स्वीकृत)

# नेपाल खुला विश्वविद्यालय

## शैक्षिक प्रशासन सम्बन्धी (पहिलो संशोधन) नियम , २०७६

(नेपाल खुला विश्वविद्यालय सभाको मिति २०७६/३/२६ गते बसेको तेस्रो बैठकबाट स्वीकृत)

| म/उपनियम/खण्ड | हालको मौजुदा व्यवस्था | संसोधन/परिमार्जनका लागि प्रस्तावित | संसोधन/परिमार्जन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| म ९९(२) | ९९(२)शिक्षण सेवाको उप प्राध्यापक र सहायक प्राध्यापक पदका हालका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तहमा द्वितीय श्रेणीमा उत्तीर्णलाई मानिनेछ। प्राध्यापक र सह प्राध्यापकका लागि न्यूनतम शैक्षिक योग्यता बिद्यावारिधि हुनेछ । अङ्क विभाजन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । | नियम ९९(२)खुला प्रतियोगिता तर्फ शिक्षण सेवाको सहायक प्राध्यापक पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तहमा द्वितीय श्रेणीमा उत्तीर्णलाई मानिनेछ । उप प्राध्यापक पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता एमफिल कम्तिमा B ग्रेड वा ५०% प्राप्त गरी उत्तीर्णलाई मानिनेछ । प्राध्यापक र सह प्राध्यापकका लागि न्यूनतम शैक्षिकयोग्यता बिद्यावारिधि हुनेछ । अङ्क विभाजन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । | एम फिल तहमा अध्यापन गर्नका लागि उपप्राध्यापकको शैक्षिक योग्यतामा परिवर्तन गरिएको । |
| म१०१(ग) | नियम१०१(ग) सहायक स्तरका कर्मचारीको पदमा ३५ वर्ष, अधिकृत स्तरका कर्मचारीको पदमा ४५ वर्ष, सहायक प्राध्यापक पदमा ४५ वर्ष, उप प्राध्यापक पदमा ५० वर्ष, सह प्राध्यापक पदमा ५५ वर्ष र प्राध्यापक पदमा ६० वर्ष उमेर पूरा भइसकेका तर विश्वविद्यालय सेवाका स्थायी वा करार सेवाका बहालवाला पदाधिकारी, शिक्षक, कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन । | नियम१०१ (ग) सहायक स्तरका कर्मचारीको पदमा ३५ वर्ष,तर महिलाको हकमा ४० वर्ष अधिकृत स्तरका कर्मचारीको पदमा ४५ वर्ष, सहायक प्राध्यापक पदमा ४५ वर्ष, उप प्राध्यापक पदमा ५० वर्ष, सह प्राध्यापक पदमा ५५ वर्ष र प्राध्यापक पदमा ६० वर्ष उमेर पूरा भइसकेका तर विश्वविद्यालय सेवाका स्थायी वा करार सेवाका बहालवाला पदाधिकारी, शिक्षक, कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन | नेपाल सरकारले महिलाको हकमा गरेको व्यवस्था अनुसार |
| म ९९ | नियम ९९(३) पछिको ९९ (२) ..... ९९(१५) लाई | नियम ९९(४) देखि ९९(१७) बनाउनुपर्ने | खण्डहरुको क्रम नमिलेको हुँदा मिलाएको |
| म ११०(क) | नियम ११० (क) थप गर्नुपर्ने | नियम ११० (क) Adjunct and Visiting Professor को व्यवस्था:<br>(१)विश्वविद्यालयलाई विशिष्ट प्राज्ञिक सेवा उपलब्ध गराउन कार्यकारी परिषदले Adjunct Professor / Visiting Professor नियुक्ती गर्न सक्नेछ । यस्ता प्राध्यापकहरुले विश्वविद्यालयमा विश्वविद्यालयको मानक अनुसार पुरा समय कामगरे विश्वविद्यालयको प्राध्यापक सरहको तलव उपलब्ध गराईने छ । यस्ता प्राध्यापकहरुको वर्गिकरण देहाय वमोजिम ४ तहमा हुनेछ ।<br>क) प्राध्यापक (Professor)<br>ख) सहप्राध्यापक (Associate Professor), | विश्वविद्यालयले विशिष्ट प्राज्ञिक सेवा प्राप्त गर्नका लागि |

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

ग) उपप्राध्यापक (Lecturer) घ) सहायक प्राध्यापक (Assistant Lecturer)।

(२) नेपाल खुला विश्वविद्यालयको पदपूर्तिसम्बन्धी निर्देशिकाले गरेको व्यवस्था अनुरुपको योग्यता माथि उल्लेखित तहमा Adjunct र Visiting Professor नियुक्तिका लागि मापदण्ड हुनेछ।

(३) यस्ता प्राध्यापकको नियुक्तीका लागि सम्बन्धित डिन वा महाविद्यालय वा विभागबाट यस सम्बन्धि प्रस्ताव तयार पारी आफू भन्दामाथिल्लो निकायसँग स्वीकृत गरी कार्यकारी परीषदमा प्रस्ताव पठाउनुपर्नेछ।

(४) कार्यकारी परिषदले आवश्यक ठानेमा सम्बन्धित डिन वा महाविद्यालय वा विभावबाट प्राप्त भएको प्रस्तावको रुजुगर्न (verification) का लागि नेपाल खुला विश्वविद्यालयको पदपूर्ति समितिमा पठाई आवश्यक राय लिई कार्यकारी परिषदले नियुक्तिको टुङ्गो लगाउनेछ

(५)Adjunct Faculty / Visiting Faculty को नियुक्तिका लागि लिखित परीक्षा हुने छैन। तर सम्बन्धितको बायोडाटा, कार्यअनुभव, अनुसन्धान र अन्वेषण, नेतृत्व क्षमता, अन्य विश्वविद्यालय वा शैक्षिक संस्था वा अनुसन्धान संस्थासँगको आवद्धतालाई आधार मानिनेछ।

(६) visiting faculty को नियुक्ति अवधि १ वर्षको हुनेछ सम्बन्धित कार्यालयको आवश्यकता र सम्बन्धित संकायले प्रदान गरेको सेवाको योगदानका आधारमा पुन नविकरण गर्न सकिनेछ।

(७)Visiting Faculty हुनका लागि विश्वविद्यालय वा उच्चशिक्षाका सँस्थाहरुमा अध्यापन वा अनुसन्धान गरेको हुनुपर्नेछ।

(८) यस्ता प्राध्यापकको नियुक्ति नविकरणका लागि सम्बन्धित डिन वा महाविद्यालय वा विभागबाट प्रक्रिया शुरु गरी कार्यकारी परिषदमा प्रस्ताव पठाउनुपर्नेछ र कार्यकारी परिषदको निर्णयबाट नविकरण हुनेछ।

(९)सामान्यतया Adjunct र Visiting Faculty का लागि उपलब्ध गराउने तलव भत्ता नेपाल खुला विश्वविद्यालका शिक्षकहरुले पाउने सरहको हुनेछ।

(१०)Adjunct र Visiting Faculty ले विश्वविद्यालयको नियम अनुसारकै कार्यबोझ लिई काम गर्नुपर्ने छ। पूर्णकालिन वा आँशिक रुपमा सेवा गर्ने गरी नियुक्त हुने यस्ता प्राध्यापकहरुको सम्बन्धमा काम तथा तलव भत्ता करारमा नै तोकेबमोजिम हुनेछ।

(११)Adjunct र Visiting Faculty का लागि उमेरको हद कायम हुने छैन। काम गर्न शारिरीक र मानसिक रुपमा सकृय व्यक्ति हुनु अनिवार्य छ।

२

मा. गिरिराजमणि पोखरेल
ज्ञान तथा प्रविधि मन्त्री